nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक
27°C । वर्ष :११, अंक : ३१ पृष्ठ ४ । बुधबार,०१ असोज २०८२ । WEDNESDAY, SEPTEMBER 17, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## बीरगन्ज महानगर कार्यालयमा मात्रै
## १ अर्ब १५ करोड बढीको क्षति भएको प्रारम्भिक अनुमान

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,३१ भदौ ।***

जेनजी आन्दोलनका क्रममा गत मंगलबार बीरगन्ज महानगरपालिका कार्यालयमा गरिएको तोडफोड,आगजनी र लुटपाटबाट १ अर्ब १५ करोड भन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । मंगलबार महानगरपालिका कार्यालयको सभाकक्षमा बसेको नगरपरिषद्को बैठकमा प्रमुख प्रशासकीय अधिकृत अरबिन्दलाल कर्णले प्रस्तुत गरेको प्रतिवेदनमा उक्त अनुमानित क्षतिबारे उल्लेख गरिएको हो ।



जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीको तोडफोड र आगजनीबाट महानगरपालिकाको मुख्य भवनसहित विभिन्न संरचना जलेर नष्ट भएको उक्त प्रतिवेदनमा गरिएको उल्लेख छ । महानगरका चारवटा वडा कार्यालय र केही स्वास्थ्य संस्थामा पनि तोडफोड र आगजनी गरिएको र त्यसको क्षतिको विवरण अझै संकलन भइरहेको जनाइएको छ । महानगरपालिका कार्यालय भवन, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा गरिएको तोडफोड,आगजनी र लुटपाटबाट भएका क्षतिको विवरण पूर्ण विवरण तयार भएपछि कुल क्षतिको यथार्थ तथ्यांक सार्वजनिक गरिने प्रमुख प्रशासकीय अधिकृत कर्णले बैठकमा जानकारी गराएका थिए । बैठकले जेनजीको आन्दोलनका क्रममा वास्तविक जेनजीले भन्दा पनि बाह्य घुसपैठमार्फत तोडफोड र आगजनी गराइएको ठहरसमेत गरेको छ । प्रमुख प्रशासकीय अधिकृत कर्णले बैठकमा जेनजी युवाहरूका नाममा भएको आन्दोलनमा घुसपैठमार्फत आपराधिक गतिविधि भएको प्रमाण फेला परेको जानकारी पनि गराएका थिए । उक्त घटनामा

बाँकी तेश्रो पृष्ठमा

## बारामा एउटै गाउँका तीनजनाको मृत्यु

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,३१ भदौ ।***



बाराको सुवर्ण गाउँपालिका -३ पतगछियाका तीन स्थानीयको सोमबार राति मृत्यु भएको छ । मृत्यु हुनेमा करिब ४५ वर्षीय गोपाल यादव,३० वर्षीय रविशंकर यादव र ४० वर्षीय अजमुल मिया रहेका छन् । गोपालको स्थानीय अस्पताल र अन्य दुईको भारत मोतिहारीस्थित अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता बिजयराज पण्डितले जानकारी दिएका छन् ।

उनीहरूको मृत्युको कारण खुल्न सकेको छैन । स्थानीयलाई उद्धृत गर्दै प्रहरीले जनाएअनुसार तीनजनाले भदौ २९ गते एकै ठाउँमा बसेर मदिरा सेवन गरेका थिए । मदिरा सेवन गरेको भोलिपल्ट तीनैजना बिरामी परेको र उपचारका लागि अस्पताल गएको स्थानीयले प्रहरीलाई जानकारी गराएका छन् । स्थानीयका अनुसार बिरामीमध्ये गोपाल गाउँकै अस्पताल र अन्य दुई भारत मोतिहारीस्थित अस्पतालमा उपचारका लागि गएका थिए ।

उपचारका क्रममा केही घण्टाको फरकमा तीनैजनाको मृत्यु भएको हो । तीनै जनाको मृत्यु भएपछि विषाक्त मदिरा वा खाना सेवन गरेको हुनसक्ने आशंका प्रहरीले गरेको छ । मृतकको शव दाहसंस्कार गरिसकेको छ। गोपाल र रविशंकरको पतगछिया र अजमुलको भारतमै दाहसंस्कार गरिएको हो ।

दाहसंस्कारपछि मात्रै घटनाको बारेमा प्रहरीलाई जानकारी गराएपछि अनुसन्धान जटिल बनेको छ । घटनाको अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय बाराले टोली खटाएको छ ।

## नारायणी अस्पतालको एनआईसीयु स्टोरमा आगलागी

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,३१ भदौ ।***


नारायणी अस्पतालको एनआईसीयु वार्डको स्टोर कोठामा मंगलबार बिहान आगलागी भएको छ । करिब ४ बजे लागेको आगो अस्पतालको प्रसुति गृह भवनको तेस्रो तल्लामा रहेको स्टोरमा फैलिएको थियो ।



अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहका अनुसार आगलागीबाट स्टोरमा रहेका सबै सामान जलेर नष्ट भए पनि मानवीय क्षति भने भएको छैन । अग्नि नियन्त्रणका लागि वीरगन्ज महानगरपालिकाबाट आएको वारुण यन्त्रको सहयोग लिइएको थियो र आगो समयमै निभाइएको थियो। डा. सिंहका अनुसार प्रारम्भिक अनुमान अनुसार बिजुलीको तार सर्ट भएर आगो लागेको हुनसक्ने आशंका गरिएको छ । अहिले आगलागीबाट भएको क्षतिको विस्तृत विवरण संकलन गर्ने काम भइरहेको छ ।

## आन्दोलनको आडमा उपराष्ट्रपतिको घरमा लुटपाट

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,३१ भदौ ।***



जेनजी आन्दोलनकै बीच उपराष्ट्रपति रामसहाय प्रसाद यादवको बाराको कलैयास्थित घरमा अज्ञात समूहले लुटपाट गरेको छ । उपराष्ट्रपतिका छोरा शत्रुधन यादवका अनुसार आन्दोलनकारी नभई अलग समूहले घर तोडफोड गर्दै लुटपाट गरेको हो । “बहिनीको बिहेका लागि राखिएको गहना, नगद रकम सबै चोरी भए । खेतबाट ल्याएको धान, गहुँ, मुसुरोलगायत अन्नसमेत जलाइदिएको छ,” उनले दुखेसो गरे । यादवकी छोरीको बिहे आगामी मंसिर ८ गते तय भएको छ । तर, बिहेका लागि जम्मा गरेको सम्पत्ति लुटिँदा परिवार मर्माहत बनेको छ । घटनापछि उपराष्ट्रपत्नी चम्पादेवी यादव मानसिक तनावमा परेकी छन् भने बिरामी छोरा शत्रुधन अझै अस्पतालमै उपचाररत छन् । गत मंगलबार आन्दोलनकै क्रममा पूर्वमन्त्री किसान श्रेष्ठ र ज्वालाकुमारी साहलगायत नेताहरुको घरमा पनि आगजनी र तोडफोड भएको थियो । जिल्ला प्रहरी कार्यालय बाराका एसपी सन्तोष तामाङका अनुसार, आन्दोलनका क्रममा निजी तथा सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुगेको छ । विश्रामपुर गाउँपालिकाको भवन, सवारीसाधन, निजगढ नगरपालिका अन्तर्गत ८ वटा वडा कार्यालय, जीतपुरसिमरा उपमहानगरका ६ वडा कार्यालय, आन्तरिक राजस्व कार्यालय सिमरा लगायतका संरचनामा तोडफोड र आगजनी भएको उनले बताए ।

“घटनामा संलग्नलाई फोटो-भिडियोका आधारमा पहिचान गर्दै कारबाही गरिन्छ,” एसपी तामाङले चेतावनी दिए, “आजै कारबाही भएन भने भोलि अझ ठूलो दुर्घटना निम्तिन सक्छ ।”

## जेन-जी आन्दोलनमा मधेसी दलका नेताका घर र कार्यालय पनि क्षतिग्रस्त

***जनकपुर,३१ भदौ ।***

भदौ २४ गतेको जेन-जी आन्दोलनमा प्रमुख राजनीतिक दलका कार्यालय र नेताहरूको घरमा व्यापक तोडफोड र आगजनी भएको छ । सबैभन्दा बढी क्षति नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरूले बेहोरेका छन् भने मधेसी दलका कार्यालय र घर पनि जोगिन सकेनन् । उपेंद्र यादव अध्यक्ष रहेको जनता समाजवादी पार्टी नेपाल सबैभन्दा बढी प्रभावित भएको छ । ललितपुर, बालकुमारीस्थित पार्टी कार्यालयमा तोडफोड गरिएको र केही समान जलाइएको छ। प्रवक्ता मनीष सुमनका अनुसार महासचिव तथा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतको वीरगञ्जस्थित घर र दुई गाडीमा आगजनी भएको छ। प्रदेश सभा सदस्य सुरिता साह र रामअशीष यादवका घर तथा गाडीमा पनि तोडफोड र आगजनी प्रयास भएको छ । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोको सिनामंगलस्थित घरमा तोडफोड भए पनि छिमेकीहरूको प्रयासले आगलागी हुन भने पाएन ।



महतो घर छोडेर सुरक्षित बाहिर निस्किएका थिए । लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरका अनुसार मन्त्री बनेका वरिष्ठ नेता शरत्सिंह भण्डारीको भैसीपाटीस्थित निवासमा आगजनी र तोडफोड भएको छ । त्यस्तै पार्टीकी नेतृ निर्जला राउतको घरमा पनि तोडफोड र आगजनी भएको

बाँकी तेश्रो पृष्ठमा

## निजी फर्निचर र कम्प्युटर बोकेर वडाध्यक्ष साहले सुरु गरे सेवा

***बीरगन्ज,३१ भदौ ।***



जेन-जी आन्दोलनका क्रममा अराजक समूहले तोडफोड र आगजनी गरेर ध्वस्त बनाएको बीरगन्ज महानगरपालिका-१० आदर्शनगरस्थित वडा कार्यालय पुनः सञ्चालनमा आएको छ । वडाध्यक्ष सुशील साह कानुले आइतबार र सोमबार कर्मचारी तथा स्थानीय युवासहित सरसफाइ गरेपछि मंगलबारदेखि सेवा प्रवाह पुनः सुरु गरिएको हो । भवनको दोस्रो तल्लामा रहेको पुरानो कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएकाले तत्काल भुइँतल्लाको बरण्डाबाट सेवा सञ्चालन गरिएको वडाध्यक्ष कानुले जानकारी दिए । कार्यालय सञ्चालनका लागि आवश्यक टेबल, कुर्सी, कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका उपकरण आफ्नै घरबाट बोकेर ल्याएर अस्थायी रूपमा काम सुरु गरिएको उनले बताए । “कम्तीमा पनि १५ लाखभन्दा बढी रकम आवश्यक छ, तर तत्काल त्यस्तो स्रोत नभएकाले निजी रूपमा ल्याएको सामग्रीले सेवा सुरु गरेका हौं,” वडाध्यक्ष कानुको भनाइ छ । अध्यक्ष कानुका अनुसार आन्दोलनका क्रममा अराजक समूहले गरेको तोडफोड र आगजनीबाट करिब ७० लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान छ । कार्यालयका दुई कोठा र हल ध्वस्त भएका छन् भने ४ कम्प्युटर, २ ल्यापटप, ३ एसी, २ प्रिन्टरसहित सबै फर्निचर जलेर

बाँकी तेश्रो पृष्ठमा

## चुरियामाईमा नेपाली सेनाको ट्रक दुर्घटना, १५ जना घाइते

***बीरगन्ज,३१ भदौ ।***

मकवानपुर र बाराको सिमानास्थित महेन्द्र राजमार्ग अन्तर्गत चुरियामाई सडक खण्डमा नेपाली सेना चढेको जिप दुर्घटना भएको छ । मंगलबार दिउँसो भएको दुर्घटनामा १५ जना घाइते भएको प्रारम्भिक जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ । प्रत्यक्षदर्शीका अनुसार जिप अनियन्त्रित भई सडकबाट ५० मिटर तल खसेको छ । दुर्घटनामा परेका सेनाको उद्धार गरेर

बाँकी तेश्रो पृष्ठमा

## अवैध सामानसहित ई-रिक्सा बरामद

***बीरगन्ज,३१ भदौ ।***

सशस्त्र प्रहरी बलले पर्साका विभिन्न स्थानमा निगरानी गर्दै अवैध रूपमा भन्सार छली ल्याइँदै गरेका सामान बरामद गरेको छ । पकाहामैनापुर गाउँपालिका-५ लक्ष्मीपुरस्थित सीमा क्षेत्रमा खटिएको सशस्त्र प्रहरी नायब निरीक्षक अनिल कुमार ठाकुरको नेतृत्वमा ४ जनाको गस्ती टोलीले भारततर्फबाट टाउकोमा बोकी

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

## सम्पादकीय

### नेपाल प्रहरीको मनोबल बढाऊ

जेनजी विद्रोह (२३-२४ भदौं)पछि जनजीवन सामान्य बन्दै छ । तर आन्दोलन भड्किँदा पीडित र आमनागरिकले आक्रोश पोखेको नेपाल प्रहरीको मनोबल नराम्ररी गिरेको छ । २४ भदौमा नेपाल प्रहरीसँग आमनागरिकको आक्रोश त छँदै थियो । त्यसैमा अराजक समूहहरू थपिएका थिए । संसद् भवन सुरक्षार्थ खटिएका प्रहरीको अस्वाभाविक बल प्रयोगको रिस उनीहरूले देशभरका प्रहरी कार्यालयमा पोखिरहेका थिए । सयौं प्रहरी त्यसको मारमा परे । ठाउँठाउँमा उनीहरूको बर्दी मात्र उतारिएनन्, निर्मम र अमानवीय ढंगले हत्यासमेत गरियो । पोसाक र बुट मात्र होइन, प्रहरीका हतियारसमेत खोसेर प्रदर्शन गरिए । त्यो कठिन परिस्थितिमा नेपाल प्रहरीले न अन्य सुरक्षा फौजको साथ पाए, न त आमनागरिक प्रहरीको पक्षमा उभिए । सर्वसाधारणसँग सबैभन्दा नजिकको सुरक्षाकर्मीमाथि जुन ढंगले आक्रमण गरियो, त्यसबाट सयौं प्रहरीचौकी आक्रमण, लुटपाट र आगजनीको सिकार बने । जसका कारण हजारौं प्रहरी कार्यालयविहीन हुन पुगेका छन् । विनाबर्दी ड्युटीमा खटिएका दृश्यहरू राजधानी काठमाडौंमा देखिएको छ । शान्तिपूर्ण भनिएको जेनजी आन्दोलन भड्किएर बल प्रयोग गर्ने स्थिति आउनु पक्कै पनि सुखद थिएन । स्कुल, कलेजका कलिला किशोरकिशोरीसमेत सहभागी आन्दोलनमा जसरी बर्बर दमन गरियो, त्यो सबैभन्दा ठुलो दुर्भाग्य थियो । त्यो परिस्थिति आउनुमा को-कति जिम्मेवार रहे भन्ने समीक्षा इतिहासले गर्ला । त्यसभन्दा पहिले अन्तरिम सरकारले सोमबार न्यायिक छानबिन गर्ने नीतिगत निर्णय गरिसकेको छ । तर अहिले नै प्रहरी कार्यालय पुनर्स्थापना र सेवा सञ्चालनका कठिनाइ उत्पन्न भइसकेको छ । दशक लामो सशस्त्र द्वन्द्वपछि गाउँगाउँ र टोलटोलमा पुगेको प्रहरी सेवा नराम्ररी प्रभावित भएको छ । अराजक हिंसापछि टोलमा चोरी र लुटपाट बढ्न थालेपछि सर्वसाधारण आफैंले गस्ती गर्न थालेका छन् । आफ्नै टोलबस्तीमा अकारण प्रहरीचौकीमाथि आक्रमण हुँदा गुहार दिनसमेत नसकेकामा स्थानीय बासिन्दामा ठुलो पछुतो देखिन्छ । त्यसैले उठेका चौकी फर्काउन डेलिगेसन जाने र भताभुंगचौकी सरसफाइ र मर्मतमा सहयोग गर्न थालेका छन् । विधिको शासन र कानुनीराज कागजमा भएर मात्र हुँदैन । त्यसलाई कार्यान्वयन गर्न र आमनागरिकले सुरक्षाको प्रत्याभूति गर्न सुरक्षाका अंगहरू व्यवस्थित ढंगले परिचालन हुनुपर्छ । राज्यका ती निकायहरूले उच्च मनोबलका साथ सेवा दिनुपर्छ । त्यसका लागि अहिले नेपाल प्रहरीको मनोबल बढाउनुपर्ने खाँचो छ । नेपाल सरकारले प्रहरीचौकी मर्मत र अस्थायी बन्दोबस्त मिलाएर भए पनि आफ्नै कार्यालयबाट सेवा प्रदान गर्ने वातावरण बनाउनुपर्छ । जनआक्रोश र अराजक समूहको आक्रमणमा परी घाइते भएका प्रहरीको उपचारको उचित प्रबन्ध मिलाउनुपर्छ । प्रहरीको मनोबल बढाउन सरकार मात्र होइन, निजी क्षेत्र तथा आमनागरिकले पनि आवश्यक सहयोग गर्नुपर्छ । तब मात्र शान्ति सुरक्षा र अमनचयनका लागि 'प्रहरी मेरो साथी' भन्ने नाराले सार्थकता पाउनेछ ।

# जेन-जी आन्दोलनपछिका चुनौती

**कृष्ण खनाल**

जेन-जी आन्दोलनले यत्रो परिवर्तन ल्याउँछ भनेर सायदै कल्पना गरिएको थियो । स्मार्ट फोनमा रमाइरहने यो पुस्ता समाजबाट अलग्गिएर आफ्नै दुनियाँमा रत, निरपेक्ष र राजनीतिक सोचरहित छ भन्ने धारणा बनेको थियो । यो पुस्ताका बारेमा पश्चिमा जगत्मा भएका केही अध्ययन-अनुसन्धानले यिनलाई सन्तुष्ट नभए पनि कम विद्रोही प्रकृतिको छ भनेर चित्रण गरेका छन् । उनीहरूमा असन्तोषका तीव्र भावना त मैले पनि बुझेको थिएँ, त्यसले मुलुकको राजनीतिक दिशा नै बदल्ला भनेर पत्याउन सकेको थिइनँ । तर गत भाद्र २३ गते काठमाडौं र बाहिरका सहरमा भएका प्रदर्शन र त्यसपछिका घटनाक्रमले असत्य साबित गरिदिएको छ । बानेश्वरमा संसद्को ढोकाअगाडि भएको कलिला प्रदर्शनकारीमाथि अत्यन्त नृशंस एवं गैरजिम्मेवार ढंगले बर्षाइएको तातो गोली सरकारका लागि प्रत्युत्पादक ठहरियो । अन्ततः कांग्रेस-एमाले सत्ता ढल्यो र मुलुक नयाँ राजनीतिक संक्रमणमा प्रवेश गरेको छ । संविधानको अक्षरलाई हेर्ने हो भने राष्ट्रपति रामचन्द्र पौडेलको यो निर्णयमाथि प्रश्न गर्ने अनेक आधार छन्, तर विकसित राजनीतिक परिस्थितिले संविधानको दायरा निर्धारण गर्दछ । भाद्र २३ गते साँझदेखि २५ गते रात पर्ने बेलासम्मको परिस्थिति अनुमान गर्न सकिने अवस्थामा थिएन । संविधानलाई पूरै पन्छाएर गणतन्त्र नै दुर्घटनामा पर्ने हो कि भन्ने आशंका र संशय व्याप्त थियो ।




देशमा जुन राजनीतिक परिस्थितिको विकास भयो, त्यस सन्दर्भमा संविधानको पाना पल्टाएर दफा खोजेर निकास निस्कने अवस्था थिएन । राष्ट्रपतिबाट संविधानको न्यूनतम क्षतिभित्र गर्न सकिने निकास यही हो । यसको सदुपयोगबाट राजनीतिलाई जनमतका आधारमा अग्रगति दिन सकिन्छ र संविधानको गतिशील विकास पनि । यो यथार्थ कांग्रेस, एमाले, माओवादीलगायत संसद्मा भएका सबै दलले आत्मसात् गर्नु जरुरी छ । संविधानमा केही क्षति भएको छ, तर सँगसँगै त्यसलाई चुनावले पूर्ति गर्ने ढोका पनि खोलेको छ । **सीमा र चुनौती** अनेक आशंका र संशयलाई चिर्दै जेन-जीकै प्रस्ताव र काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाहको बलियो समर्थनमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम प्रधानमन्त्री बनेकी छिन् । प्रतिनिधिसभा विघटन भएको छ, २१ फागुनमा चुनाव गर्ने तिथि तोकिएको छ । प्रधानमन्त्री बनेलगत्तै उनले ६ महिनाभित्र चुनाव सम्पन्न गर्ने आफूलाई प्राप्त कार्यादेशलाई स्पष्ट गर्दै सरकारी र निजी क्षेत्रमा भएका विध्वंशको छानबिन गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, मृतक परिवारलाई न्याय दिने कुरामा जोड दिएकी छन् । यी कुरामा कसैले विमति गर्ने ठाउँ छैन । राजनीतिमा व्याप्त भ्रष्टाचार र बेथितिका विरुद्ध देशव्यापी रूपमा चुलिँदै गएको जनमतलाई जेन-जी युवाले सडकमा मुखरित गरे । त्यसकै लागि होनहार युवाले ज्यानको आहुति दिए । उनीहरूको सम्मान र भ्रष्टाचार एवं बेथितिको अन्त्य यो सरकारको सर्वाधिक उच्च प्राथमिकतामा पर्नुपर्छ । सबैभन्दा पहिला यो सरकारको सीमाका बारेमा थोरै विश्लेषण गरौं । यो सरकार ६ महिनाका लागि हो । यसको प्रमुख दायित्व भनेको यस अवधिभित्र प्रतिनिधिसभाको चुनाव सम्पन्न गरेर संवैधानिक प्रणालीको क्रियाशीलतालाई जोड्नु र जननिर्वाचित प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नु हो । यसभन्दा बढी एक दिन पनि बस्ने कुरा प्रधानमन्त्री सुशीला कार्कीको स्वभाव र पृष्ठभूमिलाई हेर्दा कल्पना गर्न सकिन्न । उनको मन्त्रिपरिषद्मा सामेल हुने सबैले स्पष्ट बुझ्नुपर्ने पहिलो सीमा यही हो । यो पनि गर्छु, त्यो पनि गर्छु भन्दै धेरै महत्त्वाकांक्षी भएर हुँदैन, यथार्थको सीमासँग पनि स्पष्ट हुनुपर्छ । दोस्रो, प्रधानमन्त्री हुने मान्छेका केही राजनीतिक आधारस्रोत (कन्सटिच्युएन्सी) हुन्छ । अहिलेको सरकारको मुख्य आधार स्रोत भनेको जेन-जी आन्दोलन र जेन-जी नेटवर्क हो । कार्की स्वयंले यो आन्दोलनको नेतृत्व गरेकी होइनन् । गोलीकाण्डपछि उनको ऐक्यबद्धता सडक र अस्पतालमा रक्ताम्य प्रदर्शनकारीसँगै देखिएको हो । त्यस अर्थमा जेन-जीबाहेक यो आन्दोलनमा अर्को कोही नागरिक सबैभन्दा नजिक थियो भने त्यो सुशीला कार्की नै हो । त्यो प्रशंसनीय छ र त्यसले उनको विश्वसनीयतालाई अरू पारदर्शी बनाएको छ । तसर्थ सरकारमा बसेर जिम्मेवारी पूरा गर्दै जेन-जी आन्दोलन र त्यो पुस्तालाई भरिलो अभिभावकत्व प्रदान गर्ने दायित्व पनि उनकै काँधमा छ । तर विचारणीय यथार्थ, यो समूहको निर्विवाद नेता बालेन्द्र शाह हुन् । उनकै नेतृत्वमा उनीहरू सञ्चालित हुन् वा प्रेरित, त्यो मलाई थाहा छैन । तर चुनावपछि देश हाँक्ने नेता बालेन नै हुन् भन्ने सूत्र जेन-जी समूहले समातेको कुरा त सार्वजनिक नै छ । राजनीतिका चाहनामा निकटता भए पनि प्राथमिकता विविध हुन्छन् । विविध मात्र होइन, अन्तर्विरोधी पनि हुन्छन् । राजनीतिको यो द्वन्द्वात्मक चरित्र सर्वव्यापी (युनिभर्सल) हो । यसको व्यवस्थापन अझ व्यक्तिमा

बाँकी तेश्रो पृष्ठमा

# नेतृत्वको लय : युवा उर्फ जेन-जी

**सादेशमणि पोखरेल**

सन् २०११ मा चिलीमा भएको विद्यार्थी विद्रोहको नेतृत्व गरेकी थिइन्, २३ वर्षीया क्यामिला भालेजोले । अहिलेका जेन-जीहरू जुन उमेर समूहमा पर्छन्, त्यतिबेला उनको उमेर पनि त्यही थियो । क्यामिला 'चिली विद्यार्थी आन्दोलन' मार्फत विश्वभर चर्चित भइन्, जसको गुन आजसम्म पनि चिलीले पाइरहेको छ, शैक्षिक उन्नयनका हिसाबबाट । सत्ता परिवर्तन विद्यार्थी आन्दोलनको जनादेश थिएन, तैपनि दबाबस्वरूप निकै नीतिगत तथा शैक्षिक परिवर्तन सम्भव भए । ती सुधारका अवयव अहिले पनि विद्यमान छन् । चलायमानताको संकेत युवा बन्नु राम्रो शोभा हो, जसबाट नेतृत्व मोडेलहरूको विश्वव्यापी अभ्यास भएका इतिहास छन् । यही हुँदै छ वर्तमान नेपालमा । मोफसलका बेचैनीको हदवृद्धिमा कसले सम्बोधन गर्न सक्ला र भन्ने प्रश्न नेपाली जनमानसमा उब्जिएको धेरै भएको थियो । वर्तमानमा नेतावर्गको अकर्मण्यताले निम्तिएको यस्ता प्रश्नको जवाफ लगभग नेपाली जनताले अब पाए कि भन्ने छ । यो अर्धचेतलाई पूर्णचेतमा परिवर्तन गर्न सक्ने क्षमता विकासमा जेन-जी अभ्यस्त बन्न सक्ला त ? उत्तर निरुत्तरित छ । मेसो अपूर्ण छ । समाज परिवर्तनमा लागेका युवा शक्ति पर्सियन कवि रुमीले भनेजस्तै आफैं परिवर्तन हुने मेसोमा लागेको भान हुँदै छ । के यो स्वपरिवर्तन र कायान्तरण दिगो छ र ? यस्तै बेचैनीका क्रम र उपक्रम विश्वका करिब हरेक मुलुकले बेहोरेको पाइन्छ । यस्तो क्रम छिमेकी मुलुक भारतमा पनि कायम रह्यो । उन्नाइसौं शताब्दीको अन्तिम र बीसौं शताब्दीको सुरुवाततिर । यस्ता क्रम र उपक्रमहरूबाट कति मुलुकले गतिलै फड्को मारेको पाइन्छ भने कति यथास्थितिमै रहेका इतिहास छन् । **धरातलमै युवा** युवा धरातलको अर्थ भन्नाले राजनीतिक चेतसहितको ज्ञान र स्वरूपमा आएको विकास हो । यसकै आधारबारे प्रस्ट बन्नु युवा वा जेन-जीको उत्तम विकल्प हो । एकातर्फ मुलुकको आर्थिक धार बदलिँदो हिसाबमा चलिरहेको वर्तमान अवस्थामा परिवर्तनका संवाहक युवा वर्ग बन्नु राज्यकै लागि राम्रो हो । तर, राज्यप्रति प्रतिकूल आशयले सामाजिक सञ्जाल कोर्नुले युवा निर्देशित दिशा अनियन्त्रित हुन सक्छ । यस्ता बेला आर्थिक, सामाजिक, राजनीतिक विकासको परिकल्पना जे भए क्षीण बन्न सक्ने कुरामा दुईमत छैन । पछिल्लो समयको विश्वव्यापीकरण र उत्तरआधुनिकताको उपल्लो कोण पार गरिसकेको अवस्थामा यस्ता कुरामा उल्झन हुनु उत्तम मानिन्न । अन्तर्राष्ट्रिय श्रम संगठन, जेनेभाले हालसालै प्रकाशित गरेको 'युवा रोजगारीका संकट : द्रुत कार्यान्वयनको बाटो' प्रकाशनमा अतिकम विकसित मुलुकका उपेक्षित वर्गका युवामा यो इरेसनल डिरेलको क्रम डरलाग्दो रहेको देखाइएको छ । भनिएको छ, युवाको भौतिक र मानसिक विकासमा प्रथमतः आयस्रोत वा रोजगारीले प्राथमिक रूपमा प्रभाव पार्दछ ।' अर्को कारक तत्त्वका रूपमा आर्थिक तथा राजनीतिक अस्थिरता उल्लेख छ । भन्नैपर्दा मुलुकको निर्देशक शक्ति राजनीति भएकाले यसलाई युवावर्गको माध्यमबाट थप सुसज्जित गर्न सक्दा समग्र शासकीय स्वरूप नै सुधार हुन्छ । समाज केवल युवा वर्गका लागि उपाय जन्माउने थलो मात्र पनि होइन । उपलब्धिमूलक समाज विकासका लागि आधारशिला खडा गर्ने स्पेससमेत हो । यस्ता स्पेसको जगेर्ना गर्नकै लागि जेन-जी याने कि बौद्धिक युवावर्ग गतिशील र प्रायोगिक भएका हुन्, जसबाट ती युवा वर्गले गतिशील समाजको परिकल्पनासमेत गरेको आभास हुन्छ । प्रायोगिकको मतलब यहाँ व्यावहारिकता भनिएको हो । तर यहाँ समाज विकासका आधारका रूपमा अगस्टे कोम्टे र कार्ल मार्क्सले गरेको विभाजनलाई ध्यान भने दिइएको छैन । परिवर्तन अन्तर्मुखीभन्दा पनि बढी बहिर्मुखी छ । यसका लागि रियल टाइम ट्रिगर (वास्तविक समयमुखी) र सोलिड एनालाइसिस (खास देखिने विश्लेषण वा कार्य) को आवश्यकता पर्छ, जसलाई नेपाली लिडरसिपले पोइन्ट आउट गर्न (देखाउन वा देख्न) सकेन । यथास्थितिमै रहिरह्यो । अनि निम्तियो प्रतिकूलता । कोसिस थियो भने देख्न सहजै सक्थ्यो । सरकारमा भिजिबिलिटीको कमी भयो अनि अस्तित्व स्वीकार्य भएन जनमानस, युवा तथा जेन-जीलाई । भिजनबिनाको सरकारको अस्तित्व विश्वमा कतै पनि स्वीकार्य छैन र कालान्तरमा पनि हुने छैन ।

जेन एक्स र जेन वाई पनि थियो र छ पनि । तर यो पुस्ता दिन्छ अनि खाउँलाको मनस्थितिमा रहिरह्यो । दबाब सहिरह्यो तर प्रभाविलो जेन-जी विद्रोहका निम्ति अघि बढिहाल्यो । त्यो पनि शून्य समय वा एकदमै सानो अवधिको समयमा । त्यो पनि साइलेन्ट र बेबी ब्रुमर्सले गरेका भ्रष्टाचारका विरुद्धमा । लाग्छ, जेन एक्स र वाई एक हिसाबले यता न उताका वर्गमा परेका छन् । जेन-जीले गरेका विश्वव्यापी आन्दोलन यति मात्र काफी छैनन् । विश्वको इतिहासमा यस्ता आन्दोलन धर्म, संस्कृति, राजनीति, जलवायु तथा विश्वव्यापीकरणको शुद्धीकरणका लागि भएका छन् । उदाहरणका लागि ग्रेटा थन्वर्गको फ्राइडेज फर फ्युचर जसले पर्यावरण जोगाउनका लागि खेलेको भूमिका, लैंगिक हिंसाविरुद्धको मीटु अभियान, सामाजिक न्याय र समानताका लागि चलाइएको ब्ल्याक्स लिभ्स म्याटर जस्ता अभियान तथा आन्दोलन जेन-जीका सुधारात्मक आधारशिला बन्दै छन् । **अर्थ र मुलुक** विश्वको नवराजनीतिमा चेतना लक्ष्यको द्योतक हो । यस्ता लक्ष्य नेपाली युवाको सात्विक लक्ष्यका रूपमा विकास हुन थालेको अवस्थामा नेपाली विकासले फड्को मार्न समय लाग्ने छैन । अर्थात् अर्थतन्त्र र विकासतन्त्र जुरुक्कै उठ्ने मेलोमा पुग्ने लगभग पक्का हो । प्रजातान्त्रिक आयाम भएका तथा हिमाल, पहाड र तराई तीनै प्रदेशमा स्रोतको प्रचुरता भएका नेपालजस्ता अल्पविकसित बनाइएका मुलुकका लागि विकासे मेलो धेरै पर रहेको छैन । अर्कातर्फ बढ्दै गएको बेरोजगारीसमेत यस्ता अभियानका उत्प्रेरक हुन् । विश्वमा रहेका हरेक विकसित मुलुकमा विकासे मेलो समात्ने आधारशिलाका रूपमा कृषि क्षेत्र नै हो । नेपालले समेत विसं २०१५-१६ सम्ममा दक्षिण एसियाका बंगलादेश तथा अन्य मुलुकमा धान निर्यात गरेको इतिहास छ । तर बिस्तारै यो क्रम पातलिँदै गयो । फलस्वरूप मुलुक पछिल्लो समय आयातमुखी अर्थतन्त्रबाट आक्रान्त हुँदै गुज्रन

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## बङ्गलादेशमा युनुसको नेतृत्वमा चुनाव गर्न चुनौती

*काठमाडौं,३१ भदौ ।*

विद्यार्थी नेतृत्वको विद्रोहपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको १५ वर्षे निरङ्कुश शासन अन्त्य हुँदै निर्वासनमा भाग्न बाध्य भएपछि बङ्गलादेश राजनीतिक उथलपुथलमा छ । नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले आगामी फेब्रुअरीमा निर्वाचन गर्ने वाचा गरेको छ । तर १७ करोड जनसङ्ख्या भएको मुस्लिम बहुल मुलुकमा राजनीतिक विभाजन र हिंसा बढ्दै जाँदा शङ्का गहिरिँदै गएको छ ।



चुनाव अझ पाँच महिना टाढा भए पनि हसिनाको पतनपछिका गठबन्धनहरू विखण्डन हुँदै गएका छन् । **मुख्य दलहरू को हुन् ?** हसिनाको अवामी लिग प्रतिबन्धित भएपछि प्रमुख राजनीतिक खेलाडी बङ्गलादेश नेसनालिस्ट पार्टी (बीएनपी) र इस्लामवादी जमात-ए-इस्लामी रहेका छन् । यससँगै विद्रोहको नेतृत्व गर्ने विद्यार्थी नेताहरूले बनाएको राष्ट्रिय नागरिक पार्टी (एनसीपी) पनि प्रमुख शक्ति बनेको छ । प्रतिद्वन्द्वी दलहरूले सडक हिंसाको आशङ्का व्यक्त गरिरहेका छन् भने युनुसले प्रक्रियामा विश्वसनीयता पुनःस्थापित गर्न सङ्घर्ष गरिरहेका छन् । **युनुस कहाँ उभिएका छन् ?** पचासी वर्षीय युनुसले चुनावपछि पदत्याग गर्ने घोषणा गर्दै 'चुनावको विकल्प छैन' भन्नेमा जोड दिएका छन् । तर उनको दैनिक राजनीतिबाट दूरी, साथै सेनाको संलग्नता वा समर्थनबारे उठेका प्रश्नहरूले अनिश्चितता बढाएका छन् । सेना प्रमुख जनरल वाकर-उज-जमान र शीर्ष अधिकारीबीच हालै भएका बैठकहरूले अनुमानलाई थप उकासेको छ । विद्रोहको लामो इतिहास बोकेको मुलुकमा सेनाले सदैव निर्णायक भूमिका खेलेको छ । **समूहहरू किन विभाजित छन् ?** मुख्य विवाद 'जुलाई नेसनल चार्टर' लाई लिएर छ । यस सुधार दस्तावेजले प्रधानमन्त्रीका लागि दुई कार्यकालको सीमा र राष्ट्रपतिलाई थप अधिकार दिने प्रस्ताव गर्छ । चौरासी वटा सुधार बुँदामा सहमति भए पनि त्यसलाई कानूनी रूपमा कसरी लागू गर्ने भन्ने विषयमा दलहरू विभाजित छन् । बीएनपीले सुधार चार्टरलाई निर्वाचनपछिको संसद्मार्फत मात्र अनुमोदन गर्न सकिने दाबी गर्छ भने अन्य दलहरूले चुनावअघि नै यसलाई कानूनी रूप दिनुपर्ने तर्क गर्छन् । जमातका नेता सैयद अब्दुल्लाह मोहम्मद ताहेरले सुधारहरूमा जनताको राय आवश्यक भएकाले जनमतसङ्ग्रह गर्नुपर्ने बताए । एनसीपीका नेता सालेह उद्दीन सिफतले भने 'विद्रोहमा ज्यान गुमाउनेहरूप्रति विश्वासघात हुने' भन्दै माग पूरा नभएसम्म चुनावमा सहभागी नहुने चेतावनी दिएका छन् । **दलबीचको अन्य बहस** अवामी लिगलाई कार्यकारी आदेशमार्फत प्रतिबन्ध लगाइएको थियो । जमातले हसिनासँग सम्बन्ध भएका थप १३ समूहलाई समेत प्रतिबन्धित गर्नुपर्ने माग गरेको छ । तर बिएनपीले अदालतको प्रक्रिया विना कुनै दल प्रतिबन्धित हुन नसक्ने भन्दै आपत्ति जनाएको छ । यसबीच, युनुसले लन्डनमा बीएनपी नेता तारिक रहमानसँग भेट गरेपछि पक्षपातको आरोप खेपिरहेका छन् । यसले जमात र एनसीपीलाई असन्तुष्ट बनाएको छ । **अगाडि के-के चुनौती छन् ?** अन्तरिम सरकार बढ्दो कानून-व्यवस्था समस्यामा फसिरहेको छ । विश्व बैंकका पूर्व वरिष्ठ अर्थशास्त्री जाहिद हुसेनले सरकारलाई 'सौहार्दपूर्ण र साहसी तर असहाय र हतप्रभ' भनेका छन् । अधिकार समूह ऐन ओ सालिस केन्द्रका अनुसार यस वर्ष मात्रै एक सय २४ वटा भिडन्तका घटना दर्ता भएका छन् । प्रहरी तथ्याङ्कले हत्या, बलात्कार र डकैती बढेको देखाएको छ । विश्लेषकहरूका अनुसार युनुसले विश्वसनीय निर्वाचन गराउन पूर्ण सैन्य समर्थन आवश्यक छ । ढाका विश्वविद्यालयका राजनीति विज्ञान प्राध्यापक मामुन अल मुस्तफाले समयमै चुनाव सम्पन्न गर्न 'सेनाको बिना शर्त र निरन्तर समर्थन' अपरिहार्य हुने टिप्पणी गरेका छन् ।

## अफगान सीमा नजिक पाकिस्तानी सेनाको कारवाहीमा ३१ तालिबान लडाकूको मृत्यु

*काठमाडौं,३१ भदौ ।*

पाकिस्तानी सेनाले अफगानिस्तानसँगको सीमा नजिक दुई अलग कारबाहीमा ३१ जना स्थानीय तालिबान लडाकु मारिएको दाबी गरेको छ । हाल ती क्षेत्रमा तालिबानको उपस्थिति बढ्दो क्रममा रहेको अधिकारीहरूले बताएका छन् । यो कारबाही शनिबार भएको आक्रमणपछि भएको हो । शनिबार भएको आक्रमणमा पाकिस्तानी तालिबान टिटिपीले दाबी गरेअनुसार छिमेकी जिल्लामा १२ जना सैनिक मारिएका थिए । सेनाले सोमबार ढिलो सार्वजनिक गरेको विज्ञप्तिमा सप्ताहन्तमा ३१ जना 'ख्वारिज' मारिएको जनाइएको छ । 'ख्वारिज' शब्द हाल अधिकारीहरूले टिटिपी लडाकूहरूलाई सम्बोधन गर्न प्रयोग गर्दै आएका छन् । विज्ञप्तिमा पाकिस्तानले भारतमाथि आतङ्कवादीहरूलाई सहयोग गरेको आरोप लगाएको छ । दुई आणविक



शक्ति भएका छिमेकी मुलुकहरू पाकिस्तान र भारतले लामो समयदेखि एकअर्कालाई आतङ्कवादी समूहहरूलाई समर्थन गरेर अस्थिरता सिर्जना गरेको आरोप लगाउँदै आएका छन् । सेनाले उक्त क्षेत्रमा 'भारतद्वारा प्रायोजित अन्य आतङ्कवादीहरूलाई समाप्त गर्न सफाइ अभियान सञ्चालन भइरहेको' पनि जनाएको छ । सन् २०२१ मा अफगान तालिबान काबुलमा सत्तामा फर्किएपछि अफगान सीमा क्षेत्रमा आतङ्कवादी गतिविधि बढेको हो । सुरक्षा अधिकारीहरूका अनुसार पछिल्ला दुई महिनामा टिटिपी लडाकूहरूको उपस्थिति अझै बढेको छ । टीटीपी अफगान तालिबानबाट अलग भए पनि नजिकको सम्बन्ध राख्ने समूह हो । यसले पाकिस्तानभित्रै सुरक्षा बलहरू विरुद्ध आक्रमण गर्दै आएको छ । इस्लामाबादले अफगानिस्तानमाथि उसका आतङ्कवादीहरूले पाकिस्तानमा आक्रमण गर्न अफगान भूमिको प्रयोग गरेको आरोप लगाउँछ । तर काबुलका अधिकारीहरूले यस्तो आरोप अस्वीकार गर्दै आएका छन् ।

### जेन-जी आन्दोलन............

झर्दा निकै कठिन हुन्छ । जेन-जीका आन्तरिक चाहना र द्वन्द्व कसरी विकसित र प्रकट हुन्छन्, त्यसले पनि यो सरकारको सीमालाई प्रभावित गर्न सक्छ । जेन-जी नेटवर्क र समूहको सीमाबाट उनले कति फराकिलो भएर काम गर्न सक्छिन्, त्योचाहिँ परीक्षामा छ । सरकारको पूर्ण स्वरूप आउन बाँकी नै छ । अहिले थपिएका तीन मन्त्रीमध्ये अर्थ र ऊर्जा सम्हालेका मन्त्रीहरू जेन-जी आन्दोलनका होइनन् । अर्थमन्त्री रामेश्वर खनालले अर्थ सचिव छँदा राम्रो छवि बनाएका थिए । ऊर्जामन्त्री कुलमान घिसिङको कुशलता मुलुकले देखिसकेको छ, जनताले उनको उच्च मूल्यांकन गरेका छन् । गृहमन्त्री ओमप्रकाश अर्याल जेन-जी अभियन्ता नभए पनि अभियानसँग जोडिएका र सहजकर्ता हुन् भनेर चिनिएका छन् । कानुनका ज्ञाता एवं विधिको शासनका प्रखर हिमायती भनेर उनको सार्वजनिक पहिचान स्थापित छ । सरकारमा सबै पक्ष समेटिने भनिएको छ । ती पक्ष कुन-कुन हुन्, तिनका प्रतिनिधिको पृष्ठभूमि कस्तो छ, त्यसले पनि यो सरकारको प्रकृति र कार्यदक्षता निर्धारण गर्दछ । साभार ईकान्तिपुर पोस्ट ।

### नेतृत्वको लय :...............

पुग्यो । यस सांकेतिक उदाहरणले धेरै कुरा प्रस्ट पार्दछ तर यसकै व्यावहारिक प्रारूप लगभग शून्य र प्रभावहीन छ । खोइ त नेतृत्वको लगाम ? अन्य मुलुकको अर्थव्यवस्था कृषि हुँदै औद्योगिकतातर्फ अघि बढेको उदाहरण छ तर नेपालको अर्थव्यवस्था कृषि हुँदै विप्रेषणमुखी बन्दै छ र थप हुनेवाला छ । अर्थात् एक्सपोर्ट वेस्ड इकोनोमी (निर्यातमुखी अर्थव्यवस्था), रेमिट वेस्ड (विप्रेषणमुखी) हुँदै बिस्तारै बिस्तारै इम्पोर्ट वेस्ड (आयातमुखी) बन्दै छ । यो अवस्था मुलुकमा कालान्तरमा एकदम घातक सिद्ध हुने लगभग पक्का छ र भइसकेको पनि छ । अघिल्लो १५ महिनामा मात्र लगातार खर्बभन्दा बढी रेमिट्यान्स मुलुकमा भित्रिएको सुन्न पाइएको छ । के दीर्घकालीन हिसाबमा विप्रेषण मुलुकका लागि दिगो विकासको आधारशिला खडा होला र ? साभार ईकान्तिपुर ।

### निजी फर्निचर र..........

खरानी भएका थिए । यसैबीच, मंगलबार बसेको महानगर परिषद्को बैठकमा मेयर राजेशमान सिंहले वडा कार्यालय सञ्चालनका लागि आवश्यक उपकरण केही दिनमै उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् ।

### बीरगन्ज महानगर......

संलग्न व्यक्तिहरूको पहिचान गरी आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्ने निर्णय पनि नगरपरिषद् बैठकले गरेको छ ।

यसैबीच नगरपरिषद् बैठकले आर्थिक वर्ष २०८२र ०८३ मा विनियोजन गरिएको बजेटलाई संशोधन गर्ने र त्यसलाई संरचना पुनर्निर्माणमा प्राथमिकता दिने निर्णय गरेको छ । त्यस सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गर्न केही दिनमै विशेष अधिवेशन बोलाउने तयारी पनि गरिँदैछ ।

### जेन-जी आन्दोलनमा...

छ । जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीको नवलपरासीस्थित घर र उनका छोरा हिमांशु त्रिपाठीको घरमा आगजनी भएको छ । जनता समाजवादी पार्टीका सहमहासचिव प्रदीप यादवको वीरगञ्जस्थित घर पनि क्षतिग्रस्त भएको छ । यो आन्दोलनका क्रममा मधेसी नेताहरूका निजी निवास र पार्टी कार्यालयमा व्यापक क्षति पुगेको हुँदा राजनीतिक असुरक्षा र प्रशासनिक चुनौती अझ गहिरिएको छ ।

### चुरियामाईमा..............


उपचारका लागि हेटौंडातर्फ लगिँदै गरेको मकवानपुर प्रहरीले जनाएको छ । जिप तनहुँबाट मकवानपुरको हेटौंडाबाट धनुषातर्फ जाँदै गरेको जानकारी पाएको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालले जानकारी दिए । दुर्घटनाको बारेमा थप विवरण सङ्कलन कार्य भइरहेको उनको भनाइ छ ।

### अवैध सामानसहित......

ल्याउँदै गरिएको कपडा नियन्त्रणमा लिएको हो । बरामद कपडाको मूल्य करिब ५४ हजार १ सय ५० रुपैयाँ रहेको र भन्सार बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरीले जनाएको छ । यसैगरी, बिहानै बीरगन्ज महानगरपालिका-१४ गण्डकचोकमा सशस्त्र प्रहरी नायब उप-निरीक्षक पुरुषोत्तम भण्डारीको कमाण्डमा खटिएको ९ जनाको टोलीले ई-रिक्सामा राखी ल्याइँदै गरेका पर्दा बरामद गरेको छ। बरामद सामग्रीमा रु। ५० हजार ४ सय मूल्यका पर्दा

# स्वास्थ्य

## के व्यायामले क्यान्सरको असर कम गर्न सक्छ ?



हामी सबैलाई थाहा छ, शारीरिक व्यायाम गर्नुका फाइदा अनेक छन् । मधुमेह, उच्चरक्तचाप र मुटु रोगजस्ता दीर्घ रोगलाई समेत नियन्त्रण गर्ने तागत व्यायाममा छ । यी रोग मात्र होइन, दिनहुँ व्यायाम गर्दा क्यान्सर रोगलाई पनि फाइदा पुग्ने विज्ञहरू बताउँछन् । न्यू इङ्ल्याण्ड जर्नल अफ मेडिसिनले गरेको एक नयाँ अध्ययन अनुसार व्यवस्थित व्यायाम कार्यक्रममा संलग्न भएका क्यान्सरका बिरामीहरूमा क्यान्सरको पुनरावृत्तिको सम्भावना कम देखिएको छ । उनीहरू अरु क्यान्सर बिरामीको तुलनामा लामो समयसम्म बाँच्न सफल भएका छन् । कसरी व्यायामले क्यान्सरमा सुधार गर्‍यो ? यो अध्ययनले दिन खोजेको मूल जानकारी के हो ? यसै विषयमा इर्मेजेन्सी फिजिशियन तथा जर्ज वासिङटन युनिर्भसिटीकी विशेषज्ञ डा. लियाना वेनसँग गरिएको कुराकानी : **सीएनएन : यो अध्ययनको नतिजा किन महत्वपूर्ण छ ?** वेन : विगतमा क्यान्सर पीडितका लागि व्यायाम फाइदाजनक भनेर मात्र अध्ययनहरू आइरहेका थिए । अहिलेको नयाँ न्यू इङ्ल्याण्ड जर्नल अफ मेडिसिनको अध्ययनले भने व्यायामले क्यान्सरका बिरामीमा के फाइदा हुन्छ , कसरी गर्छ ? भनेर ट्रायल गरेको छ । जसमा क्यान्सर बिरामीमा उल्लेखनीय सुधार देखिएको तथ्यांक पेस भएको छ । अध्ययनकर्ताहरूले ६ वटा देशको ५५ क्यान्सर केन्द्रबाट ९०० बिरामी जम्मा गरेका थिए, जो कोलोन क्यान्सरको तेस्रो र दोस्रो चरणमा थिए । अमेरिकन सोसाइटी अफ क्लिनिकल अंकोलोजीका अनुसार क्यान्सरको उपचार शल्यक्रिया, केमोथेरापी गरेपछि पनि पुनः पछि ३० प्रतिशतमा कोलोन क्यान्सर देखिन्थ्यो । जसकारण कयौं रोगले मृत्युको मुखमा पुग्थे । अध्ययनमा सहभागी भएका बिरामीहरूलाई दुई समूहमा विभाजन गरिएको थियो । एउटा समूहलाई स्वस्थ खानपान र सामान्य शारीरिक गतिविधिको साधारण स्वास्थ्यसम्बन्धी जानकारी दिइएको थियो । यो हालको मानक उपचार प्रक्रिया हो । अर्को समूहलाई हेल्थ कोचको साथमा व्यायाम गर्ने खाका सहितको कार्यक्रम दिइयो । सुरुको ६ महिनासम्म दुईपटक प्रति महिना प्रशिक्षकसँग सल्लाह हुने र त्यसपछि महिनोमा एकपटक सल्लाह हुने व्यवस्था गरिएको थियो । यो समूहले नियन्त्रित व्यायाम, प्रेरणा, र निरन्तर निगरानी पायो । सहभागी हुनेमा व्यायाम गर्नेहरूमा उच्च सुधार देखिएको थियो । उनीहरूले ६ मिनेटमा हिँड्न सक्ने दुरी र 'भीओ२ म्याक्स' शरीरले अक्सिजन ग्रहण गर्ने अधिकतम क्षमता नाप्ने मेशिनबाट गरिएको हो । यी दुवै मापदण्डहरू मुटु तथा रक्तसंचार प्रणालीको स्वास्थ्य संकेत हुन् । त्यसैले, व्यायामले उनीहरूको शारीरिक फिटनेसमा प्रत्यक्ष र सकारात्मक प्रभाव पारेको देख्न सकिन्छ । दुई समूहलाई करिब आठ वर्षसम्म अनुगमन गर्दा, सामान्य सल्लाह पाउने समूहमा १३१ जनामा क्यान्सर दोहोरियो र ६६ जनाको मृत्यु भएको थियो ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# जेनजी आन्दोलनपछि ओली-देउवा अझै सेनाको सुरक्षा अन्य पूर्वप्रधानमन्त्री र मन्त्रीहरु फर्किए

**काठमाडौं,३१ भदौ ।** भदौ २३-२४ गते जेनजी आन्दोलनका क्रममा भएको हिंसापछि आतंकित भएको काठमाडौं उपत्यका सामान्य अवस्थामा फर्किएको छ । भ्रष्टाचार र बेथितिविरुद्धको विरोध प्रदर्शनमा दमनका क्रममा १९ जनाको मृत्यु भएको थियो ।
आन्दोलनकारीले कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका लगायत सरकारी भवन कब्जा गरेर तोडफोड र आगजनी गरेका थिए । राजनीतिक दलका कार्यालय, नेताका निजी निवास र व्यवसायी भवन पनि लक्षित बनेका थिए । उच्च सुरक्षा चुनौतीका कारण निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली, निवर्तमान मन्त्रीहरू र पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल सेनाको सुरक्षामा राखिएका थिए ।
भदौ २४ गते बिहान ओलीलाई प्रधानमन्त्री निवास बालुवाटारबाट शिवपुरी ब्यारेकमा लगिएको थियो ।



प्रचण्ड र माधव माओवादी संसदीय दलको कार्यालयमा विपक्षी बैठकमा रहेका बेला सेनाले उद्धार गरी सुरक्षित स्थलमा राखेको थियो । कांग्रेस सभापति देउवा र निवर्तमान परराष्ट्रमन्त्री डा । आरजु राणा निवास बुढानीलकण्ठमा थिए । प्रदर्शनकारीले आगजनी गरी देउवा दम्पतीमाथि निर्घात कुटपिट गरेका थिए । सेनाले उद्धार गरी उपचारका लागि अस्पताल लगेको थियो । पूर्वप्रधानमन्त्री खनालको निवासमा पनि आगजनी भएको थियो; उनका श्रीमती रविलक्ष्मी चित्रकार गम्भीर घाइते भएकी छिन् ।अन्य पूर्वप्रधानमन्त्री डा . बाबुराम भट्टराईको निवास जलेको भए पनि उनी सेनाको ब्यारेकमा बस्नुभएन, आफन्तको घरमा सुरक्षित रहे । उच्च स्रोतका अनुसार, ओली र देउवा बाहेक आइतबार र सोमबार अन्य पूर्वप्रधानमन्त्री र मन्त्रीहरू सामान्यतया आफ्नो निवासमा फर्किन सफल भएका छन् ।

# डेटा सेन्टर नबचेको भए ठप्प हुन्थ्यो सरकारी सेवा

**काठमाडौं,३१ भदौ ।** जेन-जी आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडले नेपालका भौतिक पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको भए पनि एकीकृत डेटा व्यवस्थापन केन्द्र (नासुक) सुरक्षित रहनु देशका लागि ठूलो राहत बनेको छ । सिंहदरबारस्थित भवनमा आगो बलिरहँदा पनि डेटा सेन्टरका कर्मचारीहरू २४ घण्टा सर्भरको निगरानीमा खटिए । केन्द्रका प्रमुख मनीष भट्टराईका अनुसार, "डेटा सेन्टर नबचेको भए देश शून्यमा पुग्थ्यो, सबै सरकारी डेटा हराउँथ्यो ।" नासुकमार्फत हाल २५ सयभन्दा बढी सरकारी निकायका वेबसाइट, ईमेल, नेटवर्क र डेटाबेस सञ्चालनमा छन् । नेपाल राष्ट्र बैंकदेखि गृह मन्त्रालय, प्रहरी, कम्पनी रजिस्ट्रार र स्थानीय तहसम्मका सबै अभिलेख यहीँ सुरक्षित छन् । तर, यातायात व्यवस्था विभागको स्थानीय सर्भर जलेर नष्ट हुँदा सवारीसाधन तथा लाइसेन्ससम्बन्धी पुराना अभिलेख हराउने जोखिम बढेको छ । यसले देशव्यापी यातायात प्रशासनिक सेवा ठप्प बनाएको छ । सर्वोच्च अदालत



र लगानी बोर्डको डिजिटल प्रणाली भने डेटा सेन्टरमै ब्याकअप भएकाले पुन:स्थापना हुने भएको छ । लगानी बोर्डका प्रवक्ता प्रद्युम्न उपाध्यायका अनुसार, "लोकल सर्भर जले पनि डेटा सेन्टरमा सुरक्षित भएकाले कार्यालय सेवा पुन: सुरु हुन्छ ।" निजी क्षेत्रका इन्टरनेट र क्लाउड सेवामा आंशिक क्षति पुगेको छ । सीजीनेटको मुख्य डेटा सेन्टर जलेको र क्लाउड हिमालयमा रहेका केही सर्भर अवरुद्ध भएको आईस्पानका अध्यक्ष सुधीर पराजुलीले बताए । तर इन्टरनेट सेवा प्रदायक र टेलिकम कर्मचारीले जोखिम मोली सेवा निरन्तर चलाए ।
नेपाल टेलिकम र एनसेलका प्रमुख डेटा पूर्वाधार सुरक्षित रहेकाले मोबाइल तथा इन्टरनेट सेवा अवरुद्ध भएन । यद्यपि केही कार्यालय र टावरमा आंशिक क्षति पुगेको छ । वित्तीय प्रविधि कम्पनीहरूको 'क्रिटिकल सिस्टम' सुरक्षित रहेकाले बैंकिङ सेवा र डिजिटल भुक्तानी प्रणाली निरन्तर सञ्चालनमा छन् ।
करिब १५ सय पीओएस मेसिन जले पनि वित्तीय कारोबार ठप्प हुन पाएन । विशेषज्ञहरूका अनुसार, यो घटनाले डिजास्टर रिकभरी र ब्याकअप प्रणालीको अपरिहार्यता देखाएको छ । संकटका बेला पनि सरकारी र वित्तीय प्रणाली नठप्पिनु कर्मचारीको साहस र बलियो पूर्वाधारकै कारण भएको प्रमुख भट्टराईले बताए ।

# बर्दिया निकुञ्जमा जीप सफारी पुन: सञ्चालन

**बर्दिया,३१ भदौ ।** वर्षायामका कारण रोकिएको बर्दिया राष्ट्रिय निकुञ्जको जीप सफारी सेवा पुन: सञ्चालनमा आएको छ । निकुञ्ज खुल्नासाथ आन्तरिक र विदेशी पर्यटक आगमन फेरि बढ्न थालेको छ । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत सरोजमणि पौडेलका अनुसार हाल दैनिक १५-२० जना विदेशी तथा धेरै नेपाली पर्यटक निकुञ्ज भ्रमणमा आउन थालेका छन् । उनले दसैं नजिकिँदै जाँदा पर्यटकको संख्या अझै बढ्ने विश्वास व्यक्त गरे । तर, पर्यटन व्यवसायीहरू भने अझै निराश छन् । व्यवसायी कृष्णप्रसाद भट्टराईले केही मुलुकले नेपाल भ्रमणमा अस्थायी प्रतिबन्ध लगाएकाले विदेशी आगमन कम भएको बताए । वर्षायामकै कारण पनि पर्यटक संख्या न्यून रहेको उनको भनाइ छ । तर रामजी थापाजस्ता व्यवसायीले भने बुकिङ भएका पर्यटक आइरहेका र क्रमश: पर्यटक आगमनमा सुधार देखिन थालेको बताएका छन् । गत आर्थिक




वर्ष ०८१/८२ मा २८ हजार ६८ पर्यटकले निकुञ्ज अवलोकन गरेका थिए, जसमा नेपाली १९ हजार १०, सार्कका १ हजार ५४० र विदेशी ७ हजार ५१८ थिए । अघिल्लो वर्षको तुलनामा करिब २ हजार बढी पर्यटकको आगमन भएको निकुञ्ज प्रशासनले जनाएको छ । पाटे बाघको लागि विश्वमै ख्यातिप्राप्त बर्दिया निकुञ्जमा हाल १ सय २५ बाघ, १ सय २० हात्ती र ३८ गैंडा रहेको अनुमान छ । यीमध्ये केही गैंडा भारतको कतरनिया आरक्षमा पुगेका छन् । बाघ हेर्नकै लागि धेरै पर्यटक बर्दिया आउने गरेको संरक्षण अधिकृत पौडेलले बताए । पर्यटकले जीप सफारीसँगै पैदल अवलोकन, डल्ला होमस्टे, खाता जैविक मार्ग, गोही तथा घडीयाल प्रजनन केन्द्र, थारु संग्रहालय लगायतका स्थान पनि घुम्ने गरेका छन् । बर्दियाबाहिरका ३० भन्दा बढी होटल र झण्डै २० वटा होमस्टे पनि पर्यटकको रोजाइमा छन् ।

# जनार्दन शर्माले मागे प्रचण्डको राजीनामा

**काठमाडौं,३१ भदौ ।** जेनजी आन्दोलनपछि पार्टी नेतृत्वको औचित्यबारे बहस बढिरहेको बेला नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को तत्काल राजीनामा मागेका छन् । शर्माका अनुसार, जेनजी युवा आन्दोलनले भ्रष्टाचारयुक्त राजनीतिमा प्रहार गर्दै सकारात्मक सन्देश दिएको छ र वर्तमान नेतृत्वले अब पार्टी र देशको आवश्यकताअनुसार परिवर्तन गर्नुपर्ने देखिन्छ । उनले पार्टीभित्र छलफल सुरु गरी नयाँ नेतृत्व खोज्नुपर्ने सुझाव दिएका छन् ।
उनले भने, "जेनजी आन्दोलनले लोकतन्त्र, नेतातन्त्र, कमिसनतन्त्र



र दलालीका सबै पाटापक्ष उजागर गरेको छ, अब देशलाई नयाँ ढंगले अगाडि बढाउने बाटो खोलेको छ ।" शर्मा वर्तमान सरकारलाई सहयोग गर्दै आगामी प्रतिनिधि सभा निर्वाचनको वातावरण तयार गर्नुपर्नेमा जोड दिन्छन् । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनको मिति तय गरिसकेको छ ।
यसबीच, प्रचण्डले पार्टी केन्द्रीय कार्यालय अवलोकन गरेका छन् भने प्रचण्डपक्षले जनार्दनमाथि पार्टीमा अराजकता मच्चाएको आरोप लगाउँदै आएका छन् ।

# काँकडभिट्टामा सबैभन्दा बढी क्षति भन्सार कार्यालयको अवस्था चिन्ताजनक

**काठमाडौं,३१ भदौ ।** देशभरिका ८ वटा प्रमुख सुक्खा बन्दरगाहमध्ये सबैभन्दा धेरै क्षति काँकडभिट्टा सुक्खा बन्दरगाहमा भएको छ । नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आषिश गजुरेलका अनुसार विराटनगर र भैरहवास्थित बन्दरगाहमा पनि ठूलो क्षति पुगेको छ। समितिले प्राविधिक टोली खटाएर सबै सुक्खा बन्दरगाहको क्षतिको प्रारम्भिक मूल्याङ्कन गरिरहेको छ। गजुरेलले बताए अनुसार, अहिले पुनर्निर्माणको काम सुरु भइसकेको छ र संरचनागत सुधारका लागि अध्ययन भइरहेको छ । काँकडभिट्टा बन्दरगाहको गोदाममा सबैभन्दा बढी क्षति भएको पाइएको छ। आन्दोलनको एक सातापछि पनि गोदाममा केही स्थानमा आगो बलिरहेको थियो । गोदाम पूर्ण रूपमा नष्ट भएको र भित्र राखिएका घरायसी सामान, सिसा, मदिरा, कागजजन्य सामग्री




र चियाका बस्तु जलेर नष्ट भएका छन् । केही सामान चोरी पनि भएको गजुरेलले बताए । मेची भन्सार कार्यालयमा पनि तोडफोड र आगजनी भएको पाइएको छ । कार्यालयका झ्यालका सिसा फुटेका छन् भने क्याबिनहरूमा क्षति पुगेको छ । भन्सार प्रमुखको कोठा पूर्ण रूपमा जलेको छ। प्राविधिक टोलीले सो भवनको मर्मत वा पुनर्निर्माणबारे निर्णय गर्ने तयारी गरिरहेको छ ।
अर्थ मन्त्रालयका अनुसार, मेची, भद्रपुर, कैलाली र जनकपुर भन्सार कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त छन् र सोही कारण ती स्थानबाट व्यापार सुचारु हुन सकेको छैन। विराटनगर, नेपागञ्ज, भैरहवा र ठाँडीमा भने आंशिक क्षति पुगेको छ । वीरगञ्ज मुख्य कार्यालय भने क्षतिबिनै सुचारु रहेको छ । त्यस्तै, आन्तरिक राजस्व विभाग मातहतका दमक, इटहरी, विराटनगर, लाहन, जनकपुर, सिमरा, हेटौंडा, वीरगञ्ज, बुटवल, भैरहवा, नेपालगञ्ज, दाङ, धनगढी, डडेलधुरा र पोखरास्थित कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । कृष्णनगर, धुलिखेल, इलाम र सिन्धुलीमा भने आंशिक क्षति देखिएको छ ।

# दीपावली मनाउने घर फर्किने योजना बनेका विजय जेनजी प्रदर्शनमा ज्यान गुमाए

**जनकपुर,३१ भदौ ।** जेनजी प्रदर्शनका क्रममा गोली लागेर २९ वर्षीय विजय चौधरीको मृत्युले ढोडना वडावासी शोकमा डुबेका छन् । लहान-१५ का चौधरी खेतीपातीको काम सकेर भदौ ५ गते काठमाडौं गएका थिए र दीपावलीमा घर फर्किएर अधुरा काम पूरा गर्ने योजना बनाएका थिए । तर भदौ २३ गतेको जेनजी प्रदर्शनमा उनको छातीमा गोली लागेर ज्यान गएको हो । विजयका आमाबुबा हरिप्रसाद र जलेश्वरीदेवी चौधरीले भने, "यत्रो सुन्दर घर आँगनमा दीपावलीको तयारी गरिरहेका बेला छोराको लास आउने कहिल्यै सोचेनौं । भगवानसँग गुनासो गर्छौं, बरु हामीलाई लागेको भए हुन्थ्यो ।" विजय विगत सात वर्षदेखि श्रीमती



उर्मिला संग काठमाडौंमा बस्दै आएर वायरिङ्गको काम गर्दै आएका थिए । जेनजी प्रदर्शनका बेला औषधि किन्न गएको क्रममा उनलाई गोली लागेको थियो । उनका एक चार वर्षीया छोरी र श्रीमती उर्मिला अहिले मानसिक रूपमा गहिरो संकटमा छन् । छोराको मृत्युले परिवारको जीवन धरापमा परेको छ। आमाबुबा विशेष गरी जलेश्वरीदेवी अहिले नसा रोगी भएकाले स्वास्थ्य अवस्था अझ नाजुक भएको जनाइएको छ । विजयका जेठो दाइ अजय वैदेशिक रोजगारीमा विदेशमा रहेका छन् । विजयको शव मंगलबार ढोडना ल्याइँदैछ र आफन्त तथा गाउँलेहरूले अन्तिम श्रद्धाञ्जली दिने तयारीमा छन् ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा